# पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकार एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय

अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको

दशौँ पत्रको प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस,

राजनीतिशास्त्र विभाग,

पोखरामा प्रस्तुत

*शोधपत्र*


प्रस्तुतकर्ता

दुर्गा भूजेल

परीक्षा रोल नं. : ४८००४९

त्रि.वि. दर्ता नं. ६६१५-९४


चैत्र, २०७३

# शोध निर्देशकको सिफारिश

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषय स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ प्रस्तुत शोधपत्र अन्तर्गत शोधार्थी दुर्गा भूजेलले **'पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकार एक अध्ययन'** विषयमा मेरो निर्देशनमा रही अथक मेहनतका साथ शोधपत्र तयार पार्नुभएको हो । निजले तयार गर्नुभएको शोधपत्र मौलिक तथा अनुसन्धानात्मक रहेको छ । यसर्थ प्रस्तुत शोधपत्र मूल्याङ्कनको लागि उपयुक्त भएकाले सिफारिस गर्दछु ।

........................

मिति : वि.सं. २०७३ चैत्र २ गते (सह-प्राध्यापक ठानबहादुर क्षेत्री)

ई.सं. १५ मार्च २०१७ शोध निर्देशक

राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह उपाधिका लागि दशौँ पत्रको प्रयोजनार्थ शोधार्थी दुर्गा भूजेलद्वारा पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग, पोखरामा प्रस्तुत **'पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकार एक अध्ययन'** शीर्षकको शोधपत्र मूल्याङ्कन भई स्वीकृति प्रदान गरिएको छ।

१. विभागीय प्रमुख : सह-प्राध्यापक डा. उमानाथ बराल

२. बाह्य परीक्षक : प्राध्यापक तारानाथ बराल

३. अनुसन्धान समिति संयोजक/शोध निर्देशक : सह-प्राध्यापक ठानबहादुर क्षेत्री

मिति : २०७३ चैत्र १५ गते

ई.सं. २८ मार्च, २०१७

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषय, स्नातकोत्तर तहको दशौँ पत्रको प्रयोजनार्थ **'पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकार एक अध्ययन'** शीर्षकको शोधपत्र तयार गरिएको हो । परम्परागत सरकारी प्रणालीलाई परिवर्तन गरि प्रशासनिक काम कारवाही एवं सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाउने काम विद्युतीय सरकारले गर्दछ । आम नागरिकको सबैभन्दा नजिकको सार्वजनिक निकायको रुपमा स्थानीय तह रहेका हुन्छ । त्यस तहमा विद्युतीय सरकारको स्थापनाले आम नागरिकलाई सेवा ग्रहणमा सन्तुष्टि प्रदान गर्न विद्युतीय सरकारले मद्दत गर्दछ । विश्वव्यापी रुपमा स्थापित हुँदै गएको विद्युतीय सरकारको बारेमा अध्ययन अनुसन्धान हुन आवश्यक छ । यसै आवश्यकतालाई बोध गर्दै पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको बारेमा शोध गरिएको हो । यस शोधपत्रको मस्यौदा उपर राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा भएको मौखिक परिक्षा (Viva Voice) मा प्राप्त सुझाव तथा टिप्पणीहरु समेत संलग्न गरी शोधपत्रको रुपमा बुझाइएको छ । प्रस्तुत शोधपत्रलाई तयार पार्ने क्रममा पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभागका विभागीय प्रमुख सहप्राध्यापक डा. उमानाथ बरालले प्रदान गर्नुभएको गहन सल्लाह, सुझावहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसैगरी यस शोधपत्रका शोध निर्देशक तथा सहप्राध्यापक ठानबहादुर क्षेत्रीज्यूले प्रदान गर्नु भएको रचनात्मक सल्लाह, सुझाव तथा निर्देशनहरू प्रति आभार प्रकट गर्न चाहन्छु । यस्तै शोधपत्रमा महत्वपूर्ण सल्लाह प्रदान गर्नुहुने गिरधारी सूवेदीप्रति कृतज्ञ छु । यसैगरी शोध अध्ययनका क्रममा अन्तर्वार्ता तथा प्रश्नावली मार्फत आवश्यक सूचना तथा जानकारी दिनुहुने सूचनादाता तथा उत्तरदाताहरु प्रति पनि हार्दिक कृतज्ञता जाहेर गर्दछु । यस शोधपत्रलाई तयार गर्ने क्रममा कम्प्युटरजन्य प्राविधिक पक्षमा सहयोग असफल गौतमको सहृदयताप्रति कृतज्ञ छु ।

मिति : २०७३ चैत्र

दुर्गा भूजेल

राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

# शोधसार

राज्यको उत्पत्तिदेखि हालसम्म सरकारको सञ्चालन अनेक तौर, तरिका, प्रणाली र पद्धतिबाट हुँदै आएको पाइन्छ । उहिले भन्दा अहिले सरकारको क्षेत्र व्यापक र विस्तारित भएको पाइन्छ । राज्यमा सरकार एउटा वृहत्तर र जटिल इकाईको रुपमा रहेको हुन्छ । सूचना तथा सञ्चार प्रविधि, विश्वव्यापी विद्युतीय सञ्जाल इन्टरनेटको प्रयोग गरी सार्वजनिक प्रशासनको व्यवस्थापन र सरकारको सञ्चालन गर्ने प्रणाली नै विद्युतीय सरकार हो । नेपालमा पनि यसको कार्यान्वयनका लागि सरकारी तहबाट योजनाहरुको निर्माण र कार्यान्वनको पनि थालनी भइरहेको छ । यो अध्ययन स्थानीय निकायको रुपमा रहेको पोखरा उपमहानगरपालिकामा विद्युतीय सरकारको अभ्यास र चुनौतीमा केन्द्रीत रहेको छ ।

पोखरा उपमहानगरापालिका कार्यालयमा विद्युतीय सरकारको सम्बन्धमा अध्ययन गर्नु यस शोधपत्रको मूल उद्देश्य रहेको छ भने पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको नीतिगत व्यवस्थाको बारेमा जानकारी लिनु, पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको प्राविधिक व्यवस्थापन बारे प्रकाश पार्नु, पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको लागि दक्ष जनशक्तिको अवस्थाका बारेमा अध्ययन गर्नु, पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको कार्यान्वयमा नेतृत्वको भूमिकाका बारेमा अध्ययन गर्नु विशेष उद्देश्य रहेको छ । उपरोक्त उद्देश्यलाई पुरा गर्न यस अध्ययनमा आवश्यकता अनुसार गुणात्मक तथा मात्रात्मक तथ्याङ्कहरुको प्रयोग गरिएको छ । साथै अध्ययनमा प्राप्त तथ्याङ्कहरुलाई विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । यस अध्ययनमा तथ्याङ्कको स्रोतको रुपमा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । यस अध्यनयमा प्राथमिक स्रोत मार्फत तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । जसअन्तर्गत पोखरा उपमहानगरपालिका कार्यालयका प्रमुख ६ वटा विभागका विभागीय प्रमुख ६ जना, प्राविधिक जनशक्ति ६ जना तथा प्राविधिक स्तर र विभागीय स्तरका सहायक कर्मचारी गरी १५ जना गरी जम्मा २७ जनालाई अन्तर्वार्ता अनुसूची भराई तथ्याङ्कको संकलन गरिएको छ । यस अनुसन्धानमा द्वितीय स्रोत अन्तर्गत विद्युतीय सरकारका बारेमा

लेखिएका पुस्तक, अनुसन्धानात्मक आलेख, ऐन तथा प्रकाशित अप्रकाशित अन्य सामाग्रीहरुको सहायता लिइएको छ ।

पोखरा उपमहानगरपालिका कार्यालयमा विद्युतीय सरकारको कार्यान्वयन योजनाबद्ध ढंगबाट पूर्णरुपमा कार्यान्वयन भएको पाइँदैन । तथापि विद्युतीय सरकारका लागि आवश्यक केही साधनहरुको प्रयोगको शुरुवात र स्थापना भएको भने पाइन्छ । पोउमनपा कार्यालयमा प्रयोग भएका सूचना तथा सञ्चार प्रविधिमा विद्युतीय हाजिरी, कम्प्युटर अभिलेखिकरण र बैंकिङ कारोबार, वेबसाइटको सञ्चालन, मोबाइल प्रयोग सामाग्री आदि पर्दछन् । पोउमनपा कार्यालयमा विद्युतीय सरकारको कार्यान्वयनका चुनौतीहरुमा नीतिगत चुनौती, प्राविधिक चुनौती, दक्ष जनशक्तिको अभाव, प्रभावकारी नेतृत्वको अभाव, पूर्वाधार विकासको अभाव रहेका छन् । पोउमनपा कार्यालयमा विद्युतीय सरकारको कार्यान्वयनमा नीतिगत समस्या रहेको छ । सरकारी नीतिमा विद्युतीय सरकारको कार्यान्वयन प्राथमिकतामा नपर्नु, प्रविधिमैत्री कानुनको अभाव हुनु, कानुनी प्रक्रियामा विद्युतीय कारोबार भएको तथ्यलाई प्रमाणको रुपमा यकिन गर्ने व्यवस्था नहुनु, परम्परागत प्रणालीलाई विस्थपित गरी नयाँ विद्युतीय कारोबारलाई व्यवस्थित गराउने योजना नहुनु आदि नीतिगत समस्याका रुपमा रहेको देखिन्छ । कार्यालयमा इन्टरनेट सर्भरको कमजोर प्रबन्ध, कार्यालयलाई आवश्यक सफ्टवेयरहरको निर्माण हुन नसक्नु, कार्यालयको संरचना प्रविधि मैत्री नहुनु आदि रहेका छन् ।

शोधार्थी

# विषय सूची

*शोध निर्देशकको सिफारिस*

*स्वीकृति पत्र*

*कृतज्ञता*

*शोधसार*

*विषय सूची*

*तालिका सूची*

*चित्र सूची*

*संक्षिप्त नामहरु*

## अध्याय एक : अध्ययनको परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको विधि | ५ |
| १.५ पूर्व साहित्यको समीक्षा | ८ |
| १.६ अध्ययनको सीमा | १४ |
| १.७ अध्ययनको महत्व | १४ |
| १.८ अध्यायको संरचना | १५ |

## अध्याय दुई : विद्युतीय सरकारको सैद्धान्तिक पक्ष


२.१ विद्युतीय सरकारको परिभाषा १६

२.१.१ परम्परागत सरकार र विद्युतीय सरकार बीचको तुलना २०

२.२ विद्युतीय सरकार र विद्युतीय शासन २२

२.३ विद्युतीय सरकारबाट प्राप्त हुने लाभहरु २४

२.४ विद्युतीय सरकारका आवश्यकताहरु ३०

२.५ विद्युतीय सरकारको वर्गीकरण ३१

२.५.१ सरकारदेखि नागरिकसम्म ३२

२.५.२ सरकारदेखि सरकारसम्म ३२

२.५.३ सरकारदेखि कर्मचारीसम्म ३३

२.५.४ सरकारदेखि व्यवसायसम्म ३४

२.६ विद्युतीय सरकारको विश्वव्यापी अवस्था ३५


## अध्याय तीन : नेपालको नगरपालिका र विद्युतीय सरकार


३.१ परिचय ३९

३.२ नेपालको सूचना प्रविधिसम्बन्धी नीति र कार्यक्रम ४१

३.३ नेपालमा विद्युतीय सरकारको अभ्यास ४३

३.४ पोखरा उपमहानगरपालिका र विद्युतीय सरकार ४७

३.४.१ पोखरा उपमहानगरपालिकाको संक्षिप्त परिचय ४७

३.४.२ पोखरा उपमहानगरपालिकामा विद्युतीय सरकार ५१

## अध्याय चार : पोखरा उपमहानगरपालिकामा विद्युतीय सरकारको प्रभावकारिता र चुनौतीहरु

४.१ विद्युतीय सरकारको प्रभावकारिता ५४

४.१.१ विद्युतीय सरकारप्रतिको बुझाइ ५४

४.१.२ सूचनामा पहुँच ५७

४.१.३ जवाफदेहिताको विकास ५७

४.१.४ पारदर्शिताको निर्माण ५८

४.१.५ सेवा प्रवाहको गुणस्तरमा सुधार ५८

४.२ विद्युतीय सरकारका चुनौतीहरु ५८

४.२.१ नीतिगत चुनौती ५९

४.२.२ प्राविधिक चुनौती ६२

४.२.३ दक्ष जनशक्तिको अभाव ६३

४.२.४ प्रभावकारी नेतृत्वको अभाव ६४

४.२.५ पूर्वाधार विकासको अभाव ६५

४.३ विद्युतीय सरकारको कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरु ६७

४.३.१ विद्युतीय साक्षरता ६७

४.३.२ समाजिक-साँस्कृतिक प्रभाव ६८

४.३.३ प्रशासनिक संरचनागत प्रभाव ६९

४.३.४ राजनीतिक प्रभाव ७०

## अध्याय पाँच : उपसंहार

५.१ सारांश ७२

५.२ उपलब्धीहरु ७४

५.३ निष्कर्ष ७५

**अनुसूची-१** **७७**

**अनुसूची-२** **७८**

**सन्दर्भ सूची** **८०**

# तालिका सूची


| तालिका नं | तालिका शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २.१ | प्रशासनिक सुधारका तीन कालखण्डहरु | १९ |
| २.२ | परम्परागत सरकार र विद्युतीय सरकारको तुलना | २१ |
| २.३ | विद्युतीय सरकार र विद्युतीय शासनका उद्देश्यहरु | २३ |
| २.४ | विद्युतीय सरकारको वर्गीकरण र तिनका कार्यहरु | ३५ |
| २.५ | विद्युतीय सरकारको विश्व नेतृत्वकर्ताहरु | ३६ |
| ३.१ | सरकारी विद्युतीय सेवाहरु | ४५ |
| ३.२ | पोखरा उपमहानगरपालिकाको कर्मचारी दरबन्दी विवरण | ४९ |
| ३.३ | कर्मचारी प्रतिनिधित्वको अवस्था | ५० |
| ४.१ | विद्युतीय सरकारप्रतिको बुझाइ | ५४ |
| ४.२ | विद्युतीय सरकारको नीतिगत चुनौती | ५९ |

# चित्र सूची


| चित्र नं. | चित्र शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| २.१ | सार्वजनिक सेवाप्रवाहको विकासक्रम | २० |
| २.२ | विद्युतीय सरकारका लाभहरु | २५ |
| २.३ | विद्युतीय सम्बन्ध र समन्वय | ३१ |
| ३.१ | विद्युतीय सरकारको कार्यप्रणाली सञ्जाल | ४० |
| ३.२ | विद्युतीय सरकारको लक्षअनुसारको अवधारणाचित्र | ४४ |
| ३.३ | पोखरा उपमहानगरपालिकाको संगठनात्मक स्वरुप | ४८ |

**संक्षिप्त नामहरू**

| | |
|---|---|
| आ.ले.प. - | आन्तरिक लेखा परिक्षक |
| न.पा. - | नगरपालिका |
| नं. - | नम्बर |
| पोउमनपा - | पोखरा उपमहानगरपालिका |
| वि.सं. - | विक्रम संवत् |
| विसविसू - | विद्युतीय सरकारको विकास सूचकाङ्क |